# प्रेस विज्ञप्ती

२०७८।१०।१४ गते शुक्रवार
नाडेप लघुवित्त वित्तीय संस्था लिमिटेड
**सातौं वार्षिक साधारण सभा ।**

यस नाडेप लघुवित्त वित्तीय संस्थाको सातौं वार्षिक साधारण सभा २०७८।१०।१४ मा सम्पन्न गरेको छ । समिक्षा अवधि (आ. व. २०७७/७८) मा रू. १६,०६,१८,७६८।९१/- खुद नाफा कमाएको छ । यस वित्तीय संस्थाले २०७८ साल पौष मसान्त सम्म ८८ शाखा मार्फत ८० हजार ८०० ग्रामीण तथा पिछडीएका महिलाहरूमा वित्तीय सेवा पुऱ्याइरहेको छ । २०७८ मंसिर मसान्तसम्म ४ अर्व ९६ करोड लागानिमा बाकी सावाँ रहेको, १ अर्व ६७ करोड सदस्यको बचत एवं बैंक तथा वित्तीय क्षेत्रको कर्जा २ अर्व परिचालन भएको छ ।

यस वित्तीय संस्थाको सातौं बार्षिक साधारण सभा बाट २० प्रतिसत बोनस शेयर र १.०५३ प्रतिशत नगद लाभाश वितरण गर्ने प्रस्ताव पारित गरेको साथै संस्थापक समुह अन्तगत ४ जना सञ्चालकहरू क्तमश : श्री पिताम्वर प्रसाद आचार्य (डिप्रोक्स नेपाल ) ,श्री निरज कुमार वस्नेल डनिल (नविल बैंक लिमिटेड) श्री हरिकृण सुवेदी (लुम्विनी विकास बैंक) र श्री बेद प्रसाद सिवाकोटी संस्थागत शेयरधनीका तर्फवाट निर्विरोध निर्वाचित हुनुभएको निवार्चन अधिकृत श्री उज्वल घिमिरेले घोषण गर्नु भयो ।

निवार्चन पश्चात बसेको सञ्चालक समितिको बैंठकबाट संञ्चालक श्री पिताम्वर प्रसाद आचार्यज्यूलाई सञ्चालक समिति अध्यक्ष चयन गरेको छ ।

यस लघुवित्त वित्तीय संस्थाका सञ्चालक समितिका अध्यक्ष श्री पिताम्बर प्रसाद आचार्यज्यूले लघुवित्त क्षेत्रलाई नै सुव्यवथित गर्न नेपाल राष्ट्र बैंकको २०७७ को मौद्रिक नीति तथा लघुवित्त वित्तीय संस्थालाई जारी निर्देशन २०७७ बमोजिम लघुवित्त वित्तीय संस्थासंग मर्जर/एक्विजिशन वा प्राप्ति प्रक्रियालाई अघि बढाउने, उद्देश्यले डिप्रोक्स लघुवित्त वित्तीय संस्थाले प्राप्ति गर्ने गरी भएको समझदारी पत्र (MOU) लाई नेपाल राष्ट्र बैंकबाट सैद्धान्तिक सहमति समेत भएको अवस्थामा शेयर संरचना र कर्मचारी पद समायोजनमा दुवै वित्तीय संस्था समझदारीमा पुग्न नसकेकोले दुबै वित्तीय संस्थाले नेपाल राष्ट्र बैंक समक्ष सैद्धान्तिक सहमती (LOI) बदर गर्न अनुरोध गरे अनुसार नेपाल राष्ट्र बैंकबाट सैद्धान्तिक सहमति (LOI) बदर भई आएकोले पुनः नेपाल राष्ट्र बैंकको निर्देशनहरूमा रहि अन्य कुनै लघुवित्त वित्तीय संस्थासंग मर्जर/प्राप्ति प्रकृया अगाडी बढाउने तर्फ लाग्ने एवं सेवा नपुगेका पहाडी तथा हिमाली दुर्गम क्षेत्रहरूमा कार्यक्रम विस्तार गर्दै जाने र ग्रामीण क्षेत्रको अर्थतन्त्रलाई सबल बनाउन यस संस्था लागि पर्ने प्रतिवद्धता व्यक्त गर्नु भयो ।

अन्त्यमा, नाडेप लघुवित्त वित्तीय संस्थाको उन्नति र प्रगतिमा प्रत्यक्ष वा परोक्ष रूपमा सहयोग, सल्लाह र प्रोत्साहित गरी आ–आफ्नो क्षेत्रबाट पुऱ्याउनु भएको योगदानका लागि सम्पूर्ण शेयरधनी महानुभावहरू, ग्राहकहरू, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सजेन्ज, लिमिटेड, सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, बैंक तथा

वित्तीय संस्थाहरू, लेखापरीक्षक, दातृ निकायहरू र यस वित्तीय संस्थाका कर्मचारीहरूलाई सञ्चालक समितिको तर्फबाट हार्दिक धन्यवाद दिंदै आगामी दिनहरूमा समेत निरन्तर सहयोगको अपेक्षा गर्नु भएको छ ।

धन्यवाद ।